२०८२।८।४ मा स्वीकृत।

# कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्वन्धी मार्गदर्शन, २०८२

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यमा योगदान पुऱ्याउन, फौजदारी कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन र असुल उपर गर्ने कार्यमा एकरूपता ल्याई कार्य प्रभावकारीता र दक्षता अभिवृद्धि गर्दै कार्यसम्पादनलाई सरल, सहज, व्यवस्थित र नतिजामुखी बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१।३।१७ मा स्वीकृत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) को बुँदा नं. १.३.२ बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले यो मार्गदर्शन बनाई जारी गरेको छ।

## भाग-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम "कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्वन्धी मार्गदर्शन, २०८२" रहेको छ।

(२) यो मार्गदर्शन नेपाल सरकार, गृह मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "अनुसन्धान अधिकारी" भन्नाले ऐन बमोजिमको अनुसन्धान अधिकारीलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० लाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले काठमाडौ उपत्यका बाहेकका जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले ऐनको दफा २२ बमोजिमको कोष सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७७ लाई सम्झनु पर्छ।

(च) "प्रमुख जिल्ला अधिकारी" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकारीलाई सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई सम्झनु पर्छ।

नेपाल सरकार
गृह मन्त्रालय

(ज) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशकलाई सम्झनु पर्छ।

(झ) "भण्डारण कक्ष (वेयर हाउस)" भन्नाले व्यवस्थापन गरिने सम्पत्ति तथा साधनलाई सुरक्षित रूपमा राख्न बनाईएको संरचनालाई सम्झनु पर्छ।

## भाग-२

## मार्गदर्शनको आधार

३. **सैद्धान्तिक आधार लिनुपर्ने:** कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन र असूल उपरसम्वन्धी कार्य गर्दा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता, सो प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन निर्माण भएका कार्ययोजना, आवधिक योजना तथा वार्षिक योजनाले निर्दिष्ट गरेका सैद्धान्तिक आधारलाई दृष्टिगत गरी कार्यसम्पादन गर्नुपर्नेछ।

४. **प्रचलित कानूनको परिपालना गर्नुपर्ने:** (१) कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन र असूल उपरसम्वन्धी कामकारवाही गर्दा कसूरजन्य सम्पत्ति तथा साधनसम्वन्धी ऐन तथा नियमावलीलाई आधार लिनुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएको वाहेक सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन सम्वन्धी कानून, अन्य सान्दर्भिक कानूनलाई आधारको रुपमा लिनु पर्नेछ। यसका अतिरिक्त नेपालले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धतासमेतलाई आधारको रूपमा लिन सकिनेछ।

## भाग-३

## कसूरजन्य सम्पत्ति तथा साधनको अभिलेख व्यवस्थापन

५. **फैसला र विवरण सङ्कलन गर्ने:** (१) नेपाल सरकार वादी भई दायर भएका फौजदारी अभियोगमा अदालतको फैसला बमोजिम जफत हुने ठहर भएका सम्पत्ति, साधन तथा असूलउपर गर्नुपर्ने रकम लगायतको विवरण विभाग र कार्यालयले सम्वन्धित अदालतबाट प्राप्त गर्नुपर्नेछ।

(२) विभाग र सम्वन्धित कार्यालयले सङ्कलन गरिएका फैसलामा पुनरावेदन परे नपरेको विषय यकिन गर्नुपर्नेछ।

(३) अनुसन्धान अधिकारीले रोक्का राखेको विवरण सम्बन्धित निकायबाट प्राप्त गरी विभागले अभिलेख अद्यावधिक राख्नु पर्नेछ।

६. **अभिलेख तयार गर्नुपर्ने:** (१) कसूरजन्य सम्पत्ति तथा साधनको एकीकृत केन्द्रीय अभिलेख तयार गर्नको लागि विभागले सूचना प्रविधिमा आधारित प्रणाली बनाई लागु गर्नुपर्नेछ। अनुसन्धान, अभियोजन, न्यायिक र व्यवस्थापनमा संलग्न सबै निकायले यस प्रणालीमा तथ्याङ्कको प्रविष्टी गर्नु पर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय

(२) उपदफा (१) बमोजिमको सूचना प्रणाली तयार नभएसम्मको लागि यस मार्गदर्शनको दफा ५ बमोजिम सङ्कलन भएका फैसलाबाट विवरण तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ।

## भाग-४

## कार्यसम्पादनसम्बन्धी व्यवस्था

७. **निर्देशक समितिः** (१) कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन सम्बन्धमा अन्तरनिकाय समन्वय, सहजीकरण तथा नीतिगत सहजीकरणको लागि एक निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, गृह मन्त्रालय -अध्यक्ष

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) सचिव, गृह मन्त्रालय -सदस्य

(घ) सचिव (राजश्व), अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(च) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

(ज) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(झ) प्रमुख, वित्तिय जानकारी इकाई, नेपाल राष्ट्र बैङ्क -सदस्य

(ञ) महानिर्देशक, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग -सदस्य सचिव

(२) उपदफा (२) बमोजिमको निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तीमा छ महिनामा एक पटक बस्नेछ र बैठकमा सम्बन्धित क्षेत्रका विज्ञ तथा जानकार व्यक्तिलाई आवश्यकता बमोजिम आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि यसै समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(४) निर्देशक समितिले उपदफा (१) बमोजिमका विषयमा ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम सहजीकरण समितिलाई निर्देशन गर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय

८. **सहजीकरण समिति**: कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्वन्धी विषयमा अदालतबाट भएका आदेश तथा फैसला कार्यान्वयन गर्न तथा सो सम्बन्धमा पर्न आएका समस्या समाधान गर्न एक सहजीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको सहजीकरण समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, गृह मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव (कानून), गृह मन्त्रालय | -सदस्य |
| (ग) | सह रजिष्ट्रार, सर्वोच्च अदालत | -सदस्य |
| (घ) | महानिर्देशक, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | -सदस्य |
| (ङ) | महानिर्देशक, राजस्व अनुसन्धान विभाग | -सदस्य |
| (च) | महानिर्देशक, भन्सार विभाग | -सदस्य |
| (छ) | महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालत | -सदस्य |
| (ज) | महानिर्देशक, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | -सदस्य |
| (झ) | महानिर्देशक, वन तथा भूसंरक्षण विभाग | -सदस्य |
| (ञ) | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य |
| (ट) | प्रमुख, वित्तीय जानकारी इकाई, नेपाल राष्ट्र बैंक | -सदस्य |
| (ठ) | कार्यकारी निर्देशक, धितोपत्र बोर्ड | -सदस्य |
| (ड) | उपसचिव, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | -सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको सहजीकरण समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तीमा तीन महिनामा एक पटक बस्नेछ र बैठकमा सम्बन्धित क्षेत्रका विज्ञ तथा जानकार व्यक्तिलाई आवश्यकता बमोजिम आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको सहजीकरण समितिको बैठक सम्बन्धी कार्यविधि यसै समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(५) सहजीकरण समितिले उपदफा (१) बमोजिमका विषयमा ऐन, नियमावली तथा प्रचलित कानून बमोजिमका कार्यका लागि विभागलाई आवश्यक मार्गदर्शन गर्नेछ।

९. **सम्पर्क व्यक्ति रहने**: (१) प्रत्येक कार्यालयमा एक जना सम्पर्क व्यक्ति रहनेछ।

नेपाल सरकार
गृह मन्त्रालय

(२) कार्यालयमा कसूरजन्य सम्पत्ति व्यवस्थापन शाखा वा इकाई स्थापना भएमा सोको प्रमुख र नभएकोमा सम्भव भएसम्म एक जना अधिकृत कर्मचारीलाई सम्पर्क अधिकृतको रूपमा तोक्नुपर्नेछ।

## भाग ५
## क्षेत्रगत मार्गदर्शन

१०.**रोक्का तथा नियन्त्रणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनु पर्नेः** (१) अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातको सन्दर्भमा सम्पत्ति तथा साधनको खोजी, रोक्का र नियन्त्रण कार्य छिटो, छरितो र प्रभावकारी रूपमा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का तथा नियन्त्रणमा राखिएका सम्पत्ति तथा साधनको अभिलेख तयार गर्ने, सूचना प्रविधिमा आधारित प्रणालीमा प्रविष्टी गर्ने र विभाग वा सम्वन्धित कार्यलयमा यथासक्य छिटो बुझाउनुपर्नेछ।

(३) ऐनको दफा ६ बमोजिम कसूरको अनुसन्धानको सिलसिलामा रोक्का राखिएको रकम र सो को व्याज समेत विभागले तोकेको खातामा सात दिनभित्र सम्बन्धित वित्तीय संस्थाले जम्मा गर्नु पर्नेछ।

(४) रोक्का तथा नियन्त्रणमा रहेका नगद विभागले तोकेको बैंकमा ऐनको दफा ६ बमोजिम धरौटीमा राखी ठहर भएपश्चात् कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा दाखिला गर्नुपर्नेछ। साथै सुनचाँदी, बहुमुल्य धातु र विनेमय अधिकार पत्र लगायतका सम्पत्तिहरु नेपाल राष्ट्र बैंकमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सुनचाँदी, बहुमुल्य धातु, विदेशी मुद्रा र विनिमेय अधिकारपत्र नेपाल राष्ट्र बैंकमा राख्दा ऐन तथा नियमावली बमोजिम मूल्याङ्कन गरी राख्नु पर्नेछ।

(६) रोक्का तथा नियन्त्रणमा रहेका धितोपत्रको अभिलेख राख्नुपर्नेछ।

(७) अदालतबाट रोक्का, नियन्त्रण वा जफतका लागि प्राप्त भएका सवारी साधनमध्ये नेपालमा पैठारी अनुमति नभएका सवारी साधनको प्राविधिक विवरण खुलाई विभागले ऐनको दफा २६क. बमोजिम निर्णय गरी यातायात कार्यालयमा दर्ता गराई व्यवस्थापन गर्न सक्नेछ।

(८) कसूरजन्य सम्पत्ति तथा साधनको व्यावस्थापनका लागि अनुसन्धान अधिकारी र अभियोजन गर्ने अधिकारीले विभाग वा कार्यालयसँग समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

११.**जफत कार्यलाई प्रभावकारी बनाउनु पर्नेः** (१) बहुमूल्य धातुको जफत गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

नेपाल सरकार
गृह मन्त्रालय

५

(क) जफत गरिने वहुमूल्य धातु अनुसन्धान अधिकारीले समन्वय गरी नेपाल राष्ट्र बैंकलाई बुझाउनु पर्नेछ,

(ख) नेपाल राष्ट्र बैङ्कमा पठाई नियमानुसार गलान गरी शुद्ध धातुको मात्रा यकिन गर्ने,

(ग) शुद्ध धातुको नेपाल राष्ट्र बैङ्कमा जम्मा कायम गरिने दिनको मूल्य अनुसारको रकम कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा गर्न लगाउने।

(२) विनिमेय अधिकारपत्र र धितोपत्रको जफतः

(क) विनिमेय अधिकारपत्रको हकमा जुन बैङ्क वा वित्तीय संस्थाको हो सोही बैंकलाई पत्राचार गर्नु पर्नेछ र सटहीबाट प्राप्त रकम कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा दाखिला गर्नुपर्नेछ।

(ख) धितोपत्रको हकमा देहाय बमोजिम गर्नुपर्नेछः-

(अ) धितोपत्रको पूर्ण विवरणसहित विभागले गृह मन्त्रालयको सहमति लिई धितोपत्र बोर्डलाई लेखी पठाउने,

(आ) धितोपत्र बोर्डले सम्वन्धित धितोपत्र व्यवस्थापकलाई लेखी पठाउने,

(इ) धितोपत्र व्यवस्थापकले आफूलाई लेखी प्राप्त हुन आएको दिनको न्यूनतम कारोवार अङ्कलाई आधार मानी धितोपत्रको मूल्य बराबरको रकम कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा गरिदिने,

(ई) एकभन्दा बढी धितोपत्र बजार क्रियाशील भएको अवस्थामा बढी मूल्य भएको बजारमार्फत् मूल्य निर्धारण गर्ने,

(उ) कोषमा जम्मा भैसकेको धितोपत्रले आर्जन गरिसकेको प्राप्त हुन बाँकी रकम कोष दाखिला सम्वन्धित व्यवस्थापकले नै गरिदिनु पर्नेछ।

(३) घर तथा जग्गाको जफतः घर तथा जग्गाको जफत गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) अदालतबाट जफत हुने गरी भएको फैसला प्राप्त भएपछि घर तथा जग्गाको अवस्था निरीक्षण गर्ने,

(ख) सम्वन्धित मालपोत तथा नापी कार्यालयबाट आवश्यक कागजात माग गर्ने,

(ग) कार्यालयले फैसला र विवरण खुलाई विभागमा जफतको निर्णयको लागि पेश गर्ने,

(घ) विभागबाट जफतको निर्णय प्राप्त भए पश्चात घरजग्गा खाली गराउन र संरक्षणको लागि आवश्यक व्यवस्था मिलाई सोको अभिलेख राख्ने।

(४) सवारी साधनको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः

(क) जफत भएका सवारी साधनको एकीकृत विवरण तयार गरी विभाग र कार्यालयले अद्यावधिक गर्ने,

(ख) जफत भएका सवारी साधन सरकारी निकायको उपयोगका लागि माग र औचित्यका आधारमा ऐनको दफा १८ बमोजिमको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन अनुसार विभागले निर्णय गरी उपलब्ध गराउने,

(ग) अदालतमा मुद्धा विचाराधीन रहि विभाग वा कार्यालयमा प्राप्त भएका सवारी साधनको उपयोगका लागि मूल्याङ्कन गरी विभागले उपलब्ध गराउने,

(घ) अदालतबाट संरक्षणका लागि प्राप्त हुन आएका सवारी साधन विभागले कानून बमोजिम प्रयोग गरी संरक्षण गर्ने,

(ङ) ऐनको दफा १७ को उपदफा (४) बमोजिम जफत भएका सवारी साधन सरकारी उपयोगका लागि ऐनको दफा १८ को उपदफा (४) बमोजिम जिल्ला मूल्याङ्कन समितिको सिफारिस सहित कार्यालयले निर्णयका लागि विभागमा पठाउने,

(च) लिलाम बिक्री वा सरकारी उपयोगका लागि निर्णय भएका सवारी साधनको प्रदुषण जाँच गरी ऐनको दफा २६क. बमोजिम कुनै यातायात व्यवस्थापन कार्यालयमा दर्ता गर्न विभागले निर्णय गरी पठाउने।

१२. **कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्ने:** (१) कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्दा लिलाम बिक्री गर्नुभन्दा सरकारी प्रयोजनको लागि उपयोग गर्नु औचित्यपूर्ण देखिएमा तथा सम्बन्धित सरकारी निकायबाट उपयोगका लागि लेखि आएमा ऐन बमोजिम विभागले निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गाको उपयोगसम्वन्धी प्रस्ताव गर्दा जग्गाको अवस्थिति, उपयोगको प्रस्ताव, उपयोग अवधारणापत्र तयार गर्नुपर्नेछ।

(३) घर जग्गा, बिनिमेय अधिकार पत्र, स्वदेशी वा विदेशी मुद्राको नगद, सुनचाँदी लगायत वहुमूल्य धातु र धितोपत्रको व्यवस्थापन गर्दा अलग अलग रूपमा गर्नुपर्नेछ।

नेपाल सरकार गृह

(४) सवारी साधनको उत्पादन वर्ष नखुलेमा सवारी पहिचान नम्बर (भेइकल आइडिन्टिटी नम्बर-भि.आइ. एन.) वा चेसिस नम्बर (डिकोड) का आधारमा यकिन गर्नु पर्नेछ।

(५) सवारी साधनको परल मूल्य स्पष्ट नभएको अवस्थामा सम्बन्धित कम्पनीको आधिकारिक वेवसाइटमा रहेको मूल्यलाई आधार लिई मूल्याङकन गर्न सकिनेछ।

१३.**<u>घरजग्गाको व्यवस्थापन गर्नेः</u>** (१) घर तथा जग्गाको लिलाम बिक्री गर्दा विभागले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) ऐन, नियमावली तथा प्रचलित कानूनले व्यवस्था गरे बमोजिम मूल्य कायम हुने गरी मूल्याङ्कन गर्ने,

(ख) मूल्याङ्कित रकममा सकार गरिलिन सम्वन्धित व्यक्ति वा संस्थालाई पन्ध्र दिनको समय उपलव्ध गराउने।

(२) घर तथा जग्गाको उपयोग गर्दा विभागले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) घर तथा जग्गा विभागको नाममा कायम गर्ने

(ख) घर तथा जग्गा फुकुवाको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्ने,

(ग) सरकारी वा सरकारी स्वामित्वका निकायबाट घर जग्गा उपयोगको लागि प्रस्ताव पेश भएको हुनु पर्ने,

(घ) घर जग्गाको उपयोग सम्बन्धी अवधारणा बनाउनु पर्ने,

(ङ) सरकारी वा सरकारी स्वामित्वका निकायलाई आवश्यक परेमा प्रचलित कानून बमोजिम भाडामा उपयोग गर्न दिने।

१४.**<u>अन्तिम फैसला नभएको सम्पत्ति तथा साधनको व्यवस्थापनः</u>** (१) कसूरजन्य सम्पत्ति तथा साधनको रूपमा जफत गर्ने गरी मागदावी पेश भई लिलाम विक्रीको आदेश नभएको सम्पत्ति तथा साधनको प्रकृति अनुसार अलग अलग व्यवस्थित अभिलेख राख्नु पर्नेछ।

(२) वेयर हाउस वा भण्डारकक्षमा सङ्ग्रह गर्नुपर्ने प्रकृतिका साधन सोही बमोजिम संरक्षण गर्नु पर्नेछ।

(३) खिया लाग्ने, सडिगलि जाने वा टुटफुट हुने वा सम्पत्ति तथा साधनको मूल्यमा ह्रास आउने अवस्था भएमा लिलाम बिक्री वा उपयोगको लागि सम्वन्धित अदालतको आदेश लिनु पर्नेछ।

(४) ऐनको दफा २१ मा व्यवस्था भए बमोजिम अदालतबाट आदेश भए बमोजिम लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा साधनको मूल्याङकित रकम धरौटी खातामा राख्नु पर्नेछ।

१५. **विदेशमा भएको सम्पत्तिको व्यवस्थापन:** (१) कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनको लागि विभागले विदेशमा रहेका समकक्षी संस्था र यससँग सम्वन्धित अन्तर्राष्ट्रिय संस्थासँग समन्वय र सम्पर्क राख्न सक्नेछ।

(२) विदेशको कुनै मुलुकमा रहेका कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्वन्धी निकायसँग विभागले नेपाल सरकारबाट स्वीकृति लिई सम्झौता गर्न सक्नेछ।

(३) सम्झौता भएका मुलुकका सम्वन्धित निकायमार्फत् तोकिएको अधिकारीले विद्युतीय माध्यमबाट सूचना प्राप्त गर्न तथा विदेशमा भएका नेपालको हकदावी पुग्ने सम्पत्ति तथा साधन प्राप्त गर्न आवश्यक पत्राचार गर्न सक्नेछ।

(४) विभागले नेपाल सरकारको स्वीकृति लिई नेपालको सन्धि सम्बन्धी कानून बमोजिम कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्वन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाको सदस्य बन्न आवश्यक कार्य गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमका संस्थासँग सम्पर्क तथा समन्वय गर्न विभागलाई सम्पर्क इकाई र महानिर्देशकले सम्पर्क व्यक्ति भई काम गर्नेछ।

**भाग-५**

**विविध**

१६. **कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषको उपयोग:** कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन गर्दा कोषमा प्राप्त हुने रकमको निश्चित प्रतिशत रकम कार्यालय व्यवस्थापन, सम्पत्ति तथा साधनको संरक्षण एवम् सम्वन्धित कर्मचारीलाई प्रोत्साहन सुविधा दिने व्यवस्था गर्न सकिनेछ।

१७. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** विभागले ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्दा आवश्यकता बमोजिम कार्य क्षेत्रगत शर्त तोकी कानूनबमोजिम उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

१८. **सूचना प्रविधिको प्रयोग गर्न सकिने:** (१) यस मार्गदर्शन बमोजिम कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन सम्बन्धी काम कारवाही गर्दा विभागले सूचना प्रविधिको प्रयोग गरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी काम कारवाही गर्दा गराउँदा आवश्यक विवरणको पर्याप्त सुरक्षित तथा संरक्षण हुने गरी गर्नु पर्नेछ।

१९. **सहयोग लिन सकिने:** (१) कसूरजन्य सम्पत्ति व्यवस्थापनसम्वन्धी कार्यमा जुनसुकै सरकारी निकाय वा सरकारी स्वामित्वका निकाय वा अन्य कुनै व्यक्ति वा संस्थाको सहयोग लिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहयोग माग गरिएको विषयमा सहयोग गर्नु सरकारी निकाय वा सरकारी स्वामित्वका निकाय वा अन्य कुनै व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

२०. **<u>फैसलाको अभिलेख राख्नु पर्नेः</u>** (१) कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भैसकेपछि सोको भौतिक तथा अभौतिक सङ्ग्रह (अर्काइभ) तयार गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पन्न भएका फैसला तथा अन्य तथ्याङ्कको एकीकृत विवरण विभागले प्रत्येक वर्ष अध्यावधिक गरी राख्नु पर्नेछ।

(३) यस दफा बमोजिमको विवरण विभागले वार्षिक प्रतिवेदनमा समावेश गरी सोको प्रकाशन तथा विभागको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।